**नेपाली / *NEPALI***

लागि: विद्यार्थी, संकाय र कर्मचारीहरू
बाट: कुलपति Jennifer L. Mnookin
विषय: आफ्नोपन र सफलताको बाटो बढाउने
मिति: जुलाई ९, २०२५

आदरणीय क्याम्पस समुदाय,

हामी यस समयमा छौं जब हामीले हजारौँ नयाँ विद्यार्थीहरूलाई *SOAR* मा स्वागत गर्दछौं र धेरै नयाँ संकाय र *graduate* विद्यार्थीहरू क्याम्पसमा आउँछन् । तपाईंले वहाँहरूको म्याडिसनमा नयाँ आएकोद ऊर्जा महसुस गर्न सक्नुहुन्छ, वहाँहरूको उत्सुकता जुन केही मात्राको सन्देहका साथ मिसिएको हुन्छ । वहाँहरू विस्कन्सिन भरिबाट, हाम्रो देशको लगभग सबै राज्यबाट र धेरै देशहरूबाट आउनुहुन्छ, आफ्नो प्रतिभाहरूका साथ हाम्रो समुदायमा योगदान पुर्‍याउनको निम्ति ।

तर प्रतिभाशाली व्यक्तिहरूलाई *UW–Madison* मा ल्याएर मात्र पुग्दैन । विश्वस्तरीय संस्था रहनका लागि र हाम्रो उत्कृष्टताको पूरा सम्भावनासम्म पुग्नका लागि हामीले विद्यार्थी, संकाय र कर्मचारीहरूको सफलता समर्थन गर्ने स्वागतमय समुदाय बनाउन र कायम राख्न पनि काम गर्न अनिवार्य छ । *Undergraduate* विद्यार्थीहरूको सफलताको बाटो बढाउन र सबै सदस्यहरूले उन्नति गर्न सक्ने संलग्न *UW–Madison* समुदायको समर्थन गर्नका निम्ति क्याम्पसका महत्त्वपूर्ण र संस्थागत बदलहरूका बारेमा अपडेट गर्न आज लेख्दा यी कुराहरू मेरो मस्तिष्कमा मुख्य रूपमा रहेका छन् ।

## कार्यटोलीले विद्यार्थी अनुभाव जाँच्दछन्, सिफारिस प्रदान गर्दछन्

एक वर्ष भन्दा पहिले, मैले *UW–Madison* का सबै *undergraduate* विद्यार्थीहरूका लागि हामीले कसरी बाटो बढाउन सक्छौं होला भन्ने छलफल क्याम्पसभरिका कैयौं व्यक्तिहरूसँग गर्न थालेको थिएँ । जबकि हामीले हालसालैका दशकहरूमा हाम्रो चार वर्षे र छ वर्षे स्नातक दरहरूका साथसाथै पहिलो वर्षपछि विद्यार्थीहरू कायम राख्ने कुरामा महत्त्वपूर्ण पाइला चालेका छौं, मलाई कानूनी रूपमा उपलब्ध चयन र कदमहरूसँग मिल्ने गरि हाम्रा सबै विद्यार्थीहरूका सफलतालाई अझै समर्थन गर्न हामीले अझै के गर्न सक्छौं होला जान्ने इच्छा थियो ।

यस प्रश्नको उत्तर पाउनका लागि मैले त्यस बेलाका प्रोभोस्ट Charles Isbell लाई अघिल्लो शरद सेमेस्टरमा एक कार्यटोलीको नेतृत्व गर्न सोधेको थिएँ जसले हामीले हाम्रा *undergraduate* विद्यार्थीहरूलाई कसरी समर्थन गर्दैछौं, विशेष गरि विभिन्न क्याम्पसव्यापी कार्यक्रम र स्रोतसाधनहरू मार्फत, जसले बेग्ला बेग्लै पृष्ठभूमि र इच्छा भएका विद्यार्थीहरूहरूलाई यहाँ आफ्नोपना महसुस गराउन र उन्नति गर्न डाटा सूचित समीक्षा पूरा गर्न जिम्मेवारी लिएका थिए ।

सो कार्यटोलीले आफ्नो समीक्षाको मार्गदर्शनको रूपमा छ सिद्धान्तहरू विकास गरे:

- सबै विद्यार्थीहरूका लागि सफलताको बाटो बढाउने
- हरेक विद्यार्थीहरूका लागि उनीहरूलाई उत्तम हुने समर्थनसँग जोडिदिने
- सबै विद्यार्थीहरूका लागि आफ्नोपनाको बाटोहरू निश्चित गर्ने
- रणनीतिक रूपमा क्याम्पसस्तरीय विद्यार्थी समर्थन कार्य आयोजना गर्ने
- निरन्तर मूल्याङ्कन र सुधारप्रति संलग्न रहने
- विश्वविद्यालयका स्रोतसाधनहरूको जिम्मेवार रूपमा व्यवस्थापन गर्ने

यस समीक्षा २०२४-२५ शैक्षिक वर्षभरि जारी रह्यो, तबका प्रोभोस्ट *Isbell* र अन्य वरिष्ठ अगुवाहरूले क्याम्पस र समुदायका सरोकारवालाहरूसँगका प्रतिक्रिया बटुल्नुहुँदै। कार्यटोलीका रिपोर्टमा तीन मुख्य सिफारिसहरू देखिए:

- क्याम्पसव्यापी विद्यार्थी सहायतालाई तीन कार्यात्मक भागमा बाँडेर सबै विद्यार्थीहरूका लागि समर्थन पहुँचयोग्य बनाउन अझै देखिने र सजिलो बनाउने: शैक्षिक समर्थन, भलाइ र सामुदायिक समर्थन र आर्थिक समर्थन।
- विशेष गरि आर्थिक आवश्यकता भएका र पहिलो पुस्ताका विद्यार्थीहरूका लागि समर्थन बढाउने। विद्यार्थी उपलब्धिको डाटाले देखाउँछ कि उच्च आर्थिक आवश्यकता स्नातक हुन अझै लामो समय लाग्ने कुरासँग सम्बन्धित हुन्छ। यी विद्यार्थीहरूका लागि प्रदान गरिने समर्थनलाई प्राथमिकता दिने काम क्याम्पसले *Bucky* को पढाइ शुल्क बचन (*Bucky's Tuition Promise*) र *Bucky* को *Pell* मार्ग (*Bucky's Pell Pathway*) मा गरेको पर्याप्त लगानीको स्वभाविक परिणामस्वरूप छ। बेग्लै तर उस्तै समूह पहिलो पुस्ताका विद्यार्थीहरू हुन्, जसको, धेरै पुस्ताका परिवारका सदस्यहरू कलेज पढेका घरबारमा पाइने भन्दा, कम पारिवारिक समर्थन संरचनाहरू हुन सक्दछन्। यी समूहहरूका समर्थन सेवा क्याम्पसका बेग्ला बेग्लै युनिटहरूमा छरिएका छन् जसले गर्दा यी सेवा उपयोग गर्न चुनौतीपूर्व हुन्छ।
- *Undergraduate* विद्यार्थी जनसङ्ख्यालाई डाटा सूचित विद्यार्थी समर्थन प्रदान गर्ने तरिकाहरू विकास गर्ने। यो हासिल गर्नका लागि डाटा बाँड्ने तरिकाहरू सुधार्ने, '*navigator*' प्रणाली बनाउन काम गर्ने जसले सबै विद्यार्थीहरूलाई आफूलाई आवश्यक समर्थन खोज्न अझै सजिलो बनाओस् र विद्यार्थी परामर्शदाताहरूलाई अझै अग्रसर र प्रभावकारी रूपमा समर्थन प्रदान गर्न सहयोग गर्ने।

**सबै विद्यार्थीहरूका लागि सफलताको बाटो बढाउने**

मैले कार्यटोलीका सिफारिसहरू स्वीकारेको छु, जसमा हाम्रा हालका प्रशासनिक संरचनाहरू पुनर्गठन गर्ने कुरा समावेश छ। विशेष गरि, हामीले क्याम्पसस्तरीय कार्यात्मक क्षेत्रहरूमा *undergraduate* हरूको समर्थनहरू सङ्गठन गर्नेछौं:

- क्याम्पस स्तरमा विद्यार्थी भलाइ, संलग्नता र आफ्नोपनामा केन्द्रित प्रयासहरू विद्यार्थी मामिला (*Student Affairs*) अन्तर्गत हुनेछन्। पहिलो पुस्ता र आर्थिक आवश्यकता भएका विद्यार्थीहरूलाई सेवा प्रदान गर्ने विद्यार्थी मामिला अन्तर्गतको नयाँ कार्यालय आगामी शैक्षिक वर्षमा खुल्नेछ।
- विश्वविद्यालय स्तरको शैक्षिक समर्थन *Division for Teaching and Learning* अन्तर्गत राखिनेछ। स्कूल र कलेजहरूले पनि एकदमै धेरै सामुदायिक र शैक्षिक समर्थन प्रदान गर्दछन् र यसो गर्न जारी राख्नेछन्।
- आर्थिक समर्थन सम्बन्धी पहलहरू विद्यार्थीका लागि आर्थिक सहायता कार्यालय (*Office of Student Financial Aid*) अन्तर्गत केन्द्रित हुनेछन्।

यी सबै कार्यालयहरूमा, कार्यटोलीले सिफारिस गरे अनुसार हामीले हाम्रा प्रयासहरू नाप्ने र मूल्याङ्कन गर्नेछौं र सफलताका स्पष्ट लक्ष्यहरू बनाउनेछौं। थप रूपमा, हामीले सकेसम्म प्रभावकारी रूपमा सकेसम्म बलियो विद्यार्थी समर्थन प्रदान गर्न खोज्नेछौं।

यस क्याम्पसस्तरीय समर्थन सङ्गठनको परिणामको रूपमा हामीली दुई संस्थागत बदलहरू बनाउँदैछौं:

- विविधता, समता र शैक्षिक उपलब्धि (*DDEEA*) को विभाग एक स्वतन्त्र विभागको रूपमा अन्त्य हुनेछ। *DDEEA* छात्रवृत्तिसँग सम्बन्धित विद्यार्थी समर्थन गतिविधिहरूका लागि एक स्थान रहेको छ जसले हाम्रा लगभग ५% विद्यार्थीहरूलाई सेवा पुर्‍याएको छ। यी कार्यक्रमहरू, जुनले विशेष छात्रवृत्तिहरू पाउने विद्यार्थीहरूका लागि समग्र शैक्षिक समर्थन प्रदान गर्दछन्, यीनलाई र यी काम समर्थन गर्ने अगुवा र शैक्षिक परामर्शदाताहरूलाई धेरैजसो *Division for Teaching and Learning* मा सारिनेछ। *DDEEA* ले केही महत्त्वपूर्ण कर्मचारी समर्थन कार्यहरू पनि प्रदान गरेका थिए जुन मानव संसाधन कार्यालयमा सर्नेछन् र *DDEEA* मा विभिन्न संस्थागत डाटा सङ्कलनमा केन्द्रित व्यक्तिहरू पनि थिए जो डाटा, शैक्षिक योजना निर्माण र संस्थागत अनुसन्धान (*DAPIR*) मा सर्नेछन्।
- अहिले, युनिभर्सिटी हाउजिङ्ग अर्थ र प्रशासनका उपकुलपतिलाई रिपोर्ट गर्दछ। आवास अनुभवहरूले विद्यार्थी सफलता, आफ्नोपना र समग्र विकासमा प्रदान गर्ने सहाराको महत्त्वपूर्ण भूमिका पहिचान गर्दै, विद्यार्थी मामिलाका साथसाथै अर्थ र प्रशासनका नेतृत्व र विशेषज्ञताको लाभ उठाउँदै, युनिभर्सिटी हाउजिङ्ग दोहोरो रिपोर्ट गर्ने संरचनामा सर्नेछ।

मलाई विश्वास छ यी बदलहरूले अझै कैयौं विद्यार्थीहरूलाई हामीले झनै विभिन्न स्रोतसाधनहरू मार्फत सेवा पुर्‍याउन अनुमति प्रदान गर्नेछन्। यसले हामीलाई सफलता समर्थन गर्ने, बलियो विद्यार्थी *navigator* प्रणाली विकास गर्ने र हाम्रो प्रगतिमा रिपोर्ट गर्ने अझै राम्रो जानकारीको धारा विकास गर्न सहयोग गर्नेछ। यस पुनर्गठनको एक परिणामस्वरूप ससाना प्रशासन र कार्यक्रम समर्थन र सञ्चारका विद्यार्थीहरूलाई सामना नगर्ने कार्यपदहरू हट्नेछन्। हाम्रा महत्त्वपूर्ण सहकर्मीहरूलाई आगामी काम खोज्ने क्रममा, चाहे विश्वविद्यालयमा होस् वा अन्तै, हामी सकेसम्म सहयोग प्रदान गर्नेछौं।

**उत्कृष्टताका क्षेत्रहरू कायम राख्ने**

म स्पष्ट भन्न चाहन्छु कि विश्वविद्यालयले विभिन्न महत्त्वपूर्ण कार्यक्रम क्षेत्रहरूलाई समर्थन प्रदान गर्न जारी राख्नेछ:

- *DDEEA* मा पहिले रहेका विद्यार्थी समूह र समर्थन कार्यक्रमहरू, जसमा शैक्षिक अवसरको केन्द्र, पहिलो लहर, *McNair* छात्र, *Mercile J. Lee* छात्र, अनुभवीय शिक्षाको कार्यालय र *NDGNS*, *PEOPLE* र *POSSE* समावेश छन्। थप रूपमा, संस्थागत बदलहरूले गर्दा यी कार्यक्रमहरूका अहिलेका र आगामी विद्यार्थीहरूले पाएका छात्रवृत्तिहरूमा कुनै पनि तरिकाले प्रभाव पर्ने छैनन्। यी कार्यक्रमहरूका विद्यार्थीहरूले बलियो समर्थन पाउन जारी राख्नेछन्।
- विद्यार्थी सांस्कृतिक केन्द्र र आवासीय शिक्षा समुदायहरू, जुनले विभिन्न पृष्ठभूमि भएका विद्यार्थीहरूका लागि अत्यावश्यक समर्थन र आफैँलाई सिकाउन र अन्तरसांस्कृतिक क्षमताहरू बनाउन अवसर प्रदान गर्दछन्। अन्तरसांस्कृतिक आदान प्रदान र शिक्षा मनाउने र बढुवा गर्ने क्याम्पस कार्यक्रमहरू पनि आयोजना गर्न हामी जारी राख्नेछौं।

हाम्रा *undergraduate* विद्यार्थीहरूप्रतिको हाम्रो ध्यानका साथसाथै, हामी संकाय र कर्मचारीहरूलाई हाम्रो कार्यस्थल पहुँचयोग्य र भेदभाव र उत्पीडनबाट मुक्त रहने निश्चित गर्नका लागि स्रोतसाधनहरू र समर्थन प्रदान गर्न जारी राख्नेछौं।

थप रूपमा, प्राध्यापक र संयुक्त डिन Percival Matthews, जसलाई त्यस बेलाका प्रोभोस्ट Isbell र मैले यस वर्षको शुरूवातमा पहुँच र समुदायका विशेष सल्लाहकारका रूपमा नियुक्त गरेका थियौं, वहाँले समुदाय बनाउन र आफ्नोपनाको अनुभवलाई सहारा प्रदान गर्न जिम्मेवार स्कूल, कलेज तथा विभागीय अगुवाहरूको समूह भेला पार्न थाल्नुभएको छ। यस समूहले सबै पृष्ठभूमि र विश्वासका विद्यार्थी, संकाय र कर्मचारीहरूलाई हाम्रा कानूनी दायित्व बमोजिम समर्थन गर्नका निम्ति साझा अवसर, चुनौती र राम्रा अभ्यासहरू छलफल गर्दैछ। यस समूहले मेरो नेतृत्व टोलीसँग निरन्तर आफ्ना प्रतिक्रिया साझा गर्नेछ, जसमा कसरी हामीले समावेशी, निष्पक्ष र उत्कृष्टता र अवसर समर्थन गर्ने आन्तरिक संस्कार समर्थन गर्न सक्छौं समावेश छ।

यी सिफारिसहरू तयार गर्न सहयोग गर्नुहुने भूतपूर्व प्रोभोस्ट Isbell र अरू अगुवाहरू म धन्यवाद चाहन्छु: अर्थ र प्रशासनका उपकुलपति Robert Cramer; त्यस बेलाका भर्ना व्यवस्थापनका उप प्रोभोस्ट Derek Kindle; डाटा, शैक्षिक योजना निर्माण र संस्थागत अनुसन्धानका उप प्रोभोस्ट Allison La Tarte; विद्यार्थी संलग्नता र छात्रवृत्ति कार्यक्रमका सहायक उप प्रोभोस्ट Raul A. Leon; विद्यार्थी मामिलाका उपकुलपति Lori Reesor र वरिष्ठ उप प्रोभोस्ट तथा शिक्षाका उप प्रोभोस्ट (अहिले अन्तरिम प्रोभोस्ट) John Zumbrunnen।

म यो पनि स्पष्ट र सीधा तरिकाले बताउन चाहन्छु कि सबै प्रकारका विविधता, जसमा दृष्टिकोणको विविधता र पहिचान तथा पृष्ठभूमिको विविधता, हाम्रो विश्वविद्यालयको मूल मान्यता रहन्छ। कार्यक्रमहरू र समर्थन सेवाहरू मार्फत हामीले यहाँ अवस्थाहरू बनाउनु पर्दछ जहाँ हाम्रा सबै विद्यार्थी, संकाय र कर्मचारीहरू अगाडि बढ्न र आफ्ना पूरा क्षमतासम्म पुग्न अनुमति प्रदान गर्दछन्। हाम्रा विद्यार्थीहरूका लागि अन्तरसांस्कृतिक समझदारी निर्माण गर्ने वातावरण बनाउँदा उनीहरूलाई हाम्रो जटिल संसारमा अगाडि बढ्न सहयोग गर्दछ। हाम्रा बेग्ला बेग्लै पृष्ठभूमि र विश्वासहरूका लागि सम्मानजनक संवादको अवसर सृजना गर्न र बहुलवादी समाजमा साझा आभार निर्माण गर्ने जरूरी हाम्रो हो।

अन्तिममा, म *DDEEA* का कर्मचारी र अगुवाहरूलाई वहाँहरूको अथाह संस्थागत योगदानहरूप्रति गहिरो कृतज्ञता व्यक्त गर्न चाहन्छु। वहाँहरूले हाम्रो विश्वविद्यालयमा सफलताका अवरोधहरू कम गर्न र अनगिन्ती विद्यार्थी तथा संकाय र कर्मचारीहरूलाई जीवन बदल्ने प्रभाव पार्नुभएको छ। वहाँहरूको राम्रा कामहरूले सबैका लागि पहुँच र समुदाय हासिल गर्न हामीलाई सही अवस्थामा राखेको छ।

Jennifer L. Mnookin

कुलपति